# वराहपोखरी गाउँपालिकामा कार्यरत कर्मचारीलाई सेवा पुरस्कार सम्बन्धी मापदण्ड, २०८१

**प्रस्तावना:**

राष्ट्रसेवक कर्मचारीको मनोवल उच्च बनाई गुणस्तरीय सेवा प्रवाह र विकास निर्माणका कार्यमा प्रभावकारीता ल्याउन वराहपोखरी गाउँपालिकामा कार्यरत कर्मचारीलाई तोकिएको जिम्मेवारी थप उर्जा सहित पुरा गर्न पुरस्कार व्यवस्था गर्न वाञ्छनीय भएकोले वराहपोखरी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी वराहपोखरी गाउँपालिकाले देहायको मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "वराहपोखरी गाउँपालिकामा कार्यरत कर्मचारीलाई सेवा पुरस्कार सम्बन्धी मापदण्ड, २०८१" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यक्ष" भन्नाले यस कार्यविधि बमोजिम पुरस्कारका लागि सिफारिस गर्ने गठित सिफारिस समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) "पुरस्कार" भन्नाले दफा ३ बमोजिमको पुरस्कार सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिमका समिति सम्झनु पर्छ ।

(घ) "कर्मचारी" भन्नाले यस गाउपालिका, वडा कार्यालय, स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ ।

(ङ) "गाउँपालिका" भन्नाले वराहपोखरी गाउँपालिका, खोटाङलाई सम्झनु पर्दछ ।

३. **पुरस्कारको किसिम:** (१) वराहपोखरी गाउँपालिकाले गाउपालिकाको सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई बढीमा अनुसूची-१ बमोजिम पुरस्कार प्रदान गर्न सक्नेछ ।

२) कर्मचारीले गाउँपालिका पुरस्कारको लागि अनुसुची-२ को ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

४. **पुरस्कार सिफारिसका आधार:** (१) समितिले देहायको पुरस्कारको लागि सिफारिस गर्दा कार्यकुशलता, व्यावसायिकता, नेतृत्वशैली, दक्षता, सृजनशीलता र लगनशीलताका अतिरिक्त देहाय बमोजिमका आधार लिनुपर्नेछ:-

(क) पुरस्कारका लागि न्युनतम आधारहरु :-

अ) गाउँपालिकाको सेवामा एक वर्षभन्दा बढी समयदेखि सेवा गरेको,

आ) कुनै पनि विभागीय सजाय नपाएको,

इ) सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको,

ई) निजको नाममा व्यक्तिगत बेरुजु नरहेको,

उ) पुरस्कारका लागि सिफारिस हुने वर्षमा अध्ययन विदा र असाधारण विदा नलिएको ।

(ख) छनौटका आधारहरु

| | |
|---|---|
| अ) कार्यालयमा नियमितता र समयपालना | - २० |
| आ) आज्ञापालन, आचरण र अनुसासन | -२० |

शालिकराम बञ्जारा
गाउँपालिका अध्यक्ष

इ) सुम्पेको जिम्मेवारीको कार्यसम्पादनस्तर र आफ्नै पहलमा गरेका कार्य -४०

ई) कार्यालयमा समन्वय सहकार्य र आपसी सम्बन्ध तथा एकजुट भई गाउँपालिकामा कार्य गर्ने क्षमता -२०

५. **सिफारिस समितिः-** (१) पुरस्कारको लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ:-

(क) गाउँपालिका अन्तर्गत स्वीकृत दरबन्दीमा कार्यरत अधिकृतस्तर छैठौं तह वा सो सरहसम्मका कर्मचारीहरुलाई पुरस्कारको लागि सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ:

| | | |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| २ | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ३ | शिक्षा शाखा प्रमुख | सदस्य |
| ४ | प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(ख) गाउँपालिकाले अधिकृत स्तर सातौ वा आठौ तहको कर्मचारीलाई पुरस्कृत गर्नका लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ:

| | | |
|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २ | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

(ग) प्रमुख प्रशासकिय अधिकृतलाई पुरस्कार प्रदान गर्नु परेमा अध्यक्षको प्रस्तावमा गाउँ कार्यपालिकाले सिफारिस गर्नेछ।

(घ) समितिले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

(ङ) समितिको सचिवालय गाउँपालिकाको कार्यालयमा रहनेछ।

६. **पुरस्कार सिफारिस समिति तथा निर्णयः** (१) पुरस्कारको लागि सिफारिस गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ:

(क) कार्यालयले दफा ३ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी पुरस्कारको लागि जेठ मसान्त भित्रमा गाउँकार्यपालिका समक्ष सिफारिस गर्नु पर्नेछ।

(ख) गाउँ कार्यपालिकाले समितिबाट प्राप्त नाम समेतलाई विचार गरी उपयुक्त कर्मचारीलाई उपयुक्त पुरस्कार दिने निर्णय गर्न सक्नेछ।

(ग) पुरस्कार बर्खे गाउँसभाको दिन प्रदान गरिनेछ।

७. **पुरस्कार वितरणः** (१) पुरस्कारका लागि आवश्यक रकम गाउँपालिकाको वार्षिक सालबसाली बजेटमा व्यवस्था गरिनेछ।

८. **खारेजी र बजाउः** (१) गाउँपालिका पुरस्कार सम्बन्धी यस अघि भए गरेका निर्णय यसै मापदण्ड बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**शालिकराम बन्जारा**
**गाउँपालिका अध्यक्ष**

**मितिः** २०८१।०१।२६ गते बुधबार।

शालिकराम बन्जारा
गाउँपालिका अध्यक्ष

वराहक्षेत्र (?) गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

### पुरस्कारको शिर्षक तथा राशी

| क्र सं | पुरस्कारको शिर्षक | संख्या/जना | पुरस्कार राशी रु. |
|---|---|---|---|
| १ | गाउरापालिका सर्वोत्कृष्ट कर्मचारी पुरस्कार | १ (एक) | ३०,०००।०० |
| २ | गाउँपालिका उत्कृष्ट कर्मचारी पुरस्कार | २ (दुई) | २०,०००।०० |
| ३ | गाउँपालिका प्रोत्साहन पुरस्कार | ४ (चार) | १०,०००।०० |

शालिकराम बञ्जारा
गाउँपालिका अध्यक्ष

गराहपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची-२

### (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

### गाउँपालिका पुरस्कारको लागि सम्भाव्य कर्मचारीले भर्ने फाराम

मैले देहाय बमोजिमको विवरण र पुष्टयाई गर्ने प्रमाणित कागजात सहित गाउँपालिका पुरस्कारको सिफारिसका लागि पेश गरेको छु ।

१. कर्मचारीको नाम, थर: संकेत नं. :

२. हालको पद: कार्यरत कार्यालय:

३. सरकारी सेवाको स्थायी पदमा प्रवेश गरेको मिति:

४. स्थानीय सरकारको सेवामा प्रवेश गरेको मिति:

५. भौगोलिक अनुभव:

६. स्थानीय सेवामा........वर्ष काम गरिसकेको छु । गाउँपालिका मातहत........वर्ष सेवा गरिसकेको छु ।

७. मैले विभागीय सजाय पाएको छैन ।

८. सम्पत्ती विवरण नियमित रुपमा पेश गरेको छु ।

९. मेरो नाममा व्यक्तिगत बेरुजु छैन ।

१०. मैले असाधारण विदा लिएको छैन । मैले मिति..................मा...............दिन असाधारण विदा लिएको छु ।

११. मैले अध्ययन विदा लिएको छैन । मैले मिति........................मा..............दिन अध्ययन विदा लिएको छु ।

१२. म गयल कट्टीमा परेको छैन ।

१३. मेरो नाममा प्रशासनिक र असुल उपर गर्नु पर्ने बेरुजु छैन ।

१४. मैले हालसम्म सरुवा हुँदा नियमानुसार बरबुझारथ गरेको छु ।

१५. मेरो कार्यक्षेत्र तथा जिम्मेवारीमा हरेको मध्ये चालु आ.व. मा गरेका उत्कृष्ट अधिकतम ५ वटा कार्यहरु:-

(क) ..................................

(ख) .................................

(ग) .................................

(घ) .................................

(ङ) .................................

उक्त व्यहोरा सत्य हो । पुरस्कारको लागि सिफारिस भएमा पुरस्कृत भएपछि पनि उक्त व्यहोरा झुठा ठहरे पुरस्कार फिर्ता गर्नका साथै कानून बमोजिम सजाय व्यहोर्ने छु ।

शालिकराम बल्जरा
गाउँपालिका अध्यक्ष

निवेदक:

दस्तखत:

कर्मचारीको नाम, थर:

मिति: